## निधारको भारीले बगाएको पसिनासँगै बिलाएको बालिका अधिकार
**टंक पन्तक**

१२ वर्षीया सरिता बुढालाई मुलुकमा संकटकालको अवस्थामा पनि भारी बोक्ने पेसाले छोडेन । उनी दुई दिनको अन्तरमा रोल्पा जिल्लाको सदरमुकाम लिवाङमा पुग्छिन् । बिहान ४ बजे भारी बोक्न हिंड्ने गरेकोमा संकटकालको घोषणापछि छ्याङ्ग उज्यालो भएपछि हिंड्न थालेकी हुँदा उनको काममा जाने समयमा भने थोरै परिवर्तन भएको छ । संकटकालको कारण अँध्यारोमा हिंड्न मनाही गरिएकाले काममा बाधा परेको सरिता बताउँछिन् ।

रोल्पा घर्ती गाउँ निवासी सरिताले रोल्पाको सदरमुकाम लिवाङ आएर नुन, चालम बोक्न थालेको एक वर्ष भयो । उनलाई संकटकाल भनेको पनि थाहा छैन । तर, केही समययतादेखि आफूनजिकै माथिबाट हेलिकोप्टर भने खुबै उड्ने गरेको र सेनाले उनको भारी पनि खोतल-खातल गर्न थालेको छ ।

सरिताका बुबा रमेश बुढा डेढ वर्षदेखि बेखबर छन् । भाइबहिनीहरू पाँचजना छन् । रमेश गायव भएपछि उनकी श्रीमती राममाया बुढा पनि अर्धपागलजस्तो भएकी छिन् । घरमा साँझ-बिहान खान पुग्ने आयस्रोत छैन । त्यसैले गाउँलेसँगै सरिताले पनि भारी बोक्न थालिन् । उनको कमाइ दैनिक सरदर ५० रुपैयाँ हुन्छ । त्यसैबाट घरगुजारा चलेको छ ।

संकटकालको घोषण हुनुभन्दा अगाडि १०-१२ जनाको समूह भएर भारी लिन जाने गरेकोमा ठूलो समूह हिंड्दा खतरा हुने भएकाले दुई-तीनजना मात्र भएर हिंड्नुपरेको छ । गाउँकै काका र दुईजना दाइहरूसँगै भारी बोक्न जाने गरेकी छु । बाटोमा उनीहरूलाई भेट्टाउन नसक्दा धेरै कठिनाइहरू व्यहोर्नुपरेको छ- सरिता भन्छिन् ।

२० देखि २५ किलोसम्मको भारी हुन्छ, संगीलाई भेट्टाउन सकिंदैन, कहिलेकहीं त दिनभरि नै एक्लै पछिपछि हुँदा बाबाआमा भन्दै रुन मन लाग्छ, तर के गर्ने भारी नबोकी चल्ने स्थिति छैन- उनले एकदिनको घटना सुनाउँदै भनिन्- मेरै आँखाअगाडि केही मान्छेले हेलिकोप्टरमाथि हान्न थालेपछि धेरैबेर गड्याङगुडुङको ठूलो आवाज आयो, म आवाज सुनेर वरै रोकिएँ, साथीहरू अगाडि गइसकेका थिए, भरे त थुप्रै मान्छे मरेका रहेछन्, त्यस दिन त म पनि मर्ने नै भएँ भन्ने लागेको थियो, हिंड्न अत्यन्तै डरलाग्दो स्थिति छ कतिखेर मरिने हो थाहा छैन । भारी नबोके तीनजना बहिनी र दुईजना साना भाइ पनि भोकै मर्दछन् ।

एक दिन खोलो तर्दा चिप्लिएर लडें । त्यतिबेला नुन बोकेकी थिएँ । नुनजति सबै भिग्यो, साहुको त्यो नुन बिग्रिनाले त्यसको मूल्य चुकाउन १५ दिन सित्तैमा दुःख गर्नुपर्‍यो- पुसको पहिलो हप्ता आइतबार भारी कस्दै गरेकी सरिताले भनिन् ।

सरिताजस्तै रोल्पाकै कोर्चाभाङकी १३ वर्षीया इन्दिरा पुन पनि भारी बोकेरै आफ्नो गुजारा चलाउँछिन् । उनका बाबु पनि श्रम गर्ने नै थिए । बाबुले भारी बोक्थे । तर, तीन सालअगाडि माओवादीले सुराकी गरेको आरोपमा बाबुको हत्या गरेपछि आमाछोरी नै भारी बोक्न थालेका हुन् । गाउँकै पसलदेखि अन्य गाउँका पसलको सामान बोकेर जीवन निर्वाह गरेका छन्- उनीहरूले । इन्दिरा पुन भन्छिन्- छोरीको जीवनमा सुख भने कहिल्यै हुँदोरहेनछ । भारी बोक्नेक्रममै कैयौंपटक केटाहरूले जथाभावी बोल्ने गर्दछन् ।

त्यसैगरी रोल्पा इरिवाङकी श्रीधर ओलीकी १४ वर्षीया छोरी सरस्वती ओली भारी मात्रै बोक्दिनन्, बारीमा हलो पनि जोत्छिन् । गाउँकै बारीमा हलो जोत्न जान्छिन्, बिहान नौ बजेदेखि साँझ छ बजेसम्म हलो जोतेर उनी दैनिक तीस रुपैयाँ पाउँछिन् । सोही गाउँका हलो जोत्ने लोग्नेमान्छेले दैनिक असी रुपैयाँ पाउँछन् । गाउँमा जोत्न पाएसम्म भारी बोक्न जान्न, नभए जान्छु । भारी बोक्दा पनि ठूलो-सानो भन्छन् । किलोको हिसाब भए पनि साहुहरूले तँ केटाकेटी भनेर दुई-चार पैसा कम नै दिन्छन् । साहुलाई केही भन्ने हो भने त्यही भारी बोक्न पनि नपाइएला र खानै नपाइएला भन्ने चिन्ता- सरस्वती भन्छिन् ।

रोल्पामा मात्रै भारी बोकेर खाने बालिकाहरू दुई सयदेखि तीन सयको हाराहारीमा रहेको बताइन्छ । गरिबीका कारण भारी बोक्ने, भारी बोक्न जाँदा बाटोमा यौन-दुर्व्यवहारजस्ता निकृष्ट कार्य पनि हुने गरेका छन् । रोल्पा माडीचौरकी अम्बर पुनकी १५ वर्षीया छोरी सीता पुनलाई भारी बोक्न गएको बेला बाटोमा अपराधीहरूले यौन-दुर्व्यवहार गरे । तर, पनि उनले आफू बलात्कृत भएको कुरा बताउन सकिनन् । उनी गर्भवती भएपछि मात्र थाहा भयो घरकालाई । उनले गत महिना मात्रै बच्चा जन्माइन् । तर न्वारान गर्ने बाबु भएनन् । घरका बाबुआमाले पनि गाली गरे । समाजले उल्टो उनैमाथि आरोप लगायो । त्यसपछि उनी घरमा बस्न नसकेर बच्चा बोकेर लिवाङ आइन् र समाज र घरको करकरले गर्दा एक महिनाको बच्चा काखमा राखेर लिवाङ आइपुगेकी सीतालाई उनकी दिदीले स्याहार-सुसार गरेकी छिन् ।

सीताजस्ता दुःखपीडा भोग्ने नेपाली बालिकाहरू यहाँ मात्र होइनन्, अधिराज्यभरि थुप्रै छन् । त्यसका लागि विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता छ- रोल्पा जिल्ला विकास समितिका सभापति अमृतबहादुर घर्ती बताउनुहुन्छ । गरिबी र अशिक्षाका कारण बालबालिकादेखि ठूलासम्म पिल्सिएका छन् । संकटकालको मार पनि तिनै बालबालिका र गरिबमाथि नै परेको छ भन्दै सभापति घर्ती थप्नुहुन्छ- भारी बोकेर खाने बालिकाहरूको संख्या यत्ति नै भनेर भन्न नसके पनि एक-डेढ सय त हुनुपर्छ ।

जिल्ला विकास समितिले मात्र गर्न सक्ने कुरा होइन । बालिकाको दुःखप्रति राष्ट्रले हेर्नुपर्ने हो । भोलिका कर्णधार बच्चाहरू भारी बोक्ने बाध्यतामा छन् । त्यस्ता दुःखी, गरिब बच्चाबच्चीलाई हेर्ने दायित्व राष्ट्रको र समाजको पनि हो । जिल्ला विकास समितिसँग बजेट नै हुँदैन । सरकारले अड्कलेर बजेट दिन्छ के गर्ने ?- सभापति घर्ती जिल्लास्तरबाट मात्रै समाधानको बाटो देख्नुहुन्न ।

तर गरिबका छोराछोरी जसले भारी बोक्छन्, उनहरू स्वस्थ खाना, उपचार-सुविधाबाट पनि वञ्चित छन्, उनीहरू रोगी छन् । तर उपचारको सट्टा रोग च्यापेर बस्न बाध्य छन् । त्यसैले उनीरूप्रति विशेष ध्यान दिनु समाजको कर्तव्य र दायित्व हो । समाज भन्नेबित्तिकै राज्य पनि पर्छ- बालबालिकाको अधिकारका लागि वर्षौंदेखि कार्यरत सिविनका अध्यक्ष गौरी प्रधान भन्नुहुन्छ ।

बालबालिकाको मानवअधिकारप्रतिको सम्मानले कुनै पनि समाजको भावी स्वास्थ्य र सम्पन्नतामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले उनीहरूको मानवअधिकारको सम्मान गर्नु भनेको भावी पुस्ताको मानवअधिकारप्रतिको सम्मानलाई सुनिश्चित गर्नु हो । यदि साना बालिकाहरू सामाजिक र आर्थिक रूपमा पिछडिएका छन् भने उनीहरू अगाडि बढ्न सक्दैनन्- अध्यक्ष प्रधान थप्नुहुन्छ ।

नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, नियममा बालबालिकाहरूका लागि राज्यले आवश्यक हेरचाह गर्ने भनेको छ । तर, यी ऐन-कानुनहरू केवल लिखतमा मात्र सीमित छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनको पछिल्लो अध्ययनअनुसार एकजना बालिकाले जति बढी तौल भएको भारी बोक्छिन्, त्यति नै बढी कमाउँछिन् । कहिलेकहीं त भारीको तौल बालिकाको तौलभन्दा बढी हुन्छ । लामो दूरीका बालभरियाहरूले २५ देखि ३५ किलोग्राम बोक्छन् भने बस बिसौनी तथा बजारमा त्यो भन्दा धेरै बोक्छन् । यहाँ मननीय कुरा के छ भने देशको कानुनले १४ वर्षमुनिका बालिकाको लागि १५ किलो, १६ तथा १८ वर्षकी बालिकालाई २० किलो र बालकलाई २५ किलो तौल सीमा निर्धारण गरेको छ ।

आईएलओको पछिल्लो रिपोर्टमा भनिएको छ- नेपालमा लामो दूरीको भरियाले प्रतिदिन करिब ६० देखि ८० सम्म कमाउँछ भने छोटो दूरीको भरियाले अझ कम कमाउँछ । काम भने मौसमी हुन्छ । केटाहरूको तुलनामा केटीहरूको आम्दानी कम हुन्छ ।

बालिका भरिया भएर अधिराज्यका विभिन्न ठाउँमा भोग्नुपरेको बाध्यात्मक पीडाका बारेमा महिला, बालबालिका तथा समाजकल्याणमन्त्री राजेन्द्र खरेल भन्नुहुन्छ- बालिका भरिया भएको जानकारी नभएको होइन । तर, उनीहरूको अवस्थाका बारेमा मन्त्रालयले अहिलेसम्म ध्यान दिन सकेको छैन । उनीहरूको त्यो बाध्यात्मक स्थितिबाट छुटकारा दिने सम्बन्धमा मन्त्रालयले आगामी दिनमा निश्चित रूपमा ध्यान दिनेछ । त्यसतर्फ ध्यान दिनु राज्य र समाजको पनि दायित्वभित्र पर्न आउँछ ।

ललल

संचारिका लेखमाला/संचारिका समूह

जब घरमै बस्न पाइँदैन भने

आलोक तुम्बाहाम्फे

शान्ति (नाम परिवर्तित) विगत छ वर्षदेखि कालिमाटीमा बस्ने एक प्रोफेसरको घरमा काम गर्दैछिन् । उनकी आमाले उनलाई र उनकी बहिनीलाई त्यस घरमा छाड्दा शान्ति ९ वर्षकी थिइन् । अहिले कसैले उनको उमेर सोध्यो भने उनी १७ वर्ष भन्छिन् तर उनको जीउ हेर्दा १४ वर्षकीजस्ती देखिन्छिन् । बुबाले 'कसैले उमेर सोध्यो भने १७ वर्षको भन्नु' भन्नुभा' छ- शान्ति भन्छिन् । उनी साहुलाई बुबा भनी सम्बोधन गर्छिन् ।

शान्तिको बुबाको मृत्यु भएपछि उनीकी आमाले दोस्रो बिहे गरिन् । उनलाई आमाको न्यास्रो लागे पनि उनले सौतेनी बाबुको मुखसम्म पनि देखेकी छैनन् र हेर्न पनि चाहन्नन् । शान्ति हरेक दिन बिहान ४ बजे उठेर घर सफा गर्ने, भाँडा माझ्ने तथा कपडा धुने गर्छिन् । शान्ति तल्लो जातकी भनेर उनलाई खाना पकाउन भने लगाउँदैनन् र पकाएको खाना छुन पनि दिँदैनन् । तर पनि प्रायजसो राति ११ बजेभन्दा अगाडि उनी सुत्न पाउँदिनन् ।

शान्ति र उनकी बहिनी (जो उनीभन्दा २ वर्ष कान्छी छिन्) बाहेक त्यो घरमा अन्य ५ जना छन् । उनले सानो गल्ती गरे पनि या त आइन्दा यस्तो गर्दिन भनेर किरिया खानुपर्छ या त थप्पड ।

एकछिनको खुसामदपछि शान्ति धेरै कुरा बताउँछिन् । आजभोलि शान्तिलाई एकान्तमा पाउँदा उनको मालिक प्रोफेसरले यौनशोषण गर्ने प्रयत्न गर्दछ । उनकी बहिनी भने एक उदार हृदय भएकी क्यानडाकी महिलाको सहयोगमा एक वर्षदेखि नजिकैको स्कुलमा पढ्न थालेकी छिन् । शान्तिलाई पनि स्कुल जाने चाहना त छ तर उनको मालिकले ‘दुई-दुईजनालाई कसरी पढाउन सकिन्छ’ भनेर घरमै राख्छन् ।

यसरी दिनरात खटेर काम गरे पनि शान्तिले एक पैसा पनि पाउँदिनन् न त उनका परिवारका कुनै सदस्य काभ्रेपलाञ्चोकबाट उनलाई भेट्न आउँछन् ।

यसैगरी १३ वर्षीया पोखरानजिककी माया तीन वर्षदेखि ललितपुरका एक कर्मचारीको घरमा काम गर्दैछिन् । मायालाई घरको दैनिक कामको बोझ त छँदैछ, त्यसमाथि आजभोलि उनीमाथि अर्को बेदना थपिएको कुरा उनका निकट छिमेकी बताउँछन् । विगत केही हप्तादेखि उनी आफ्ना छिमेकीलाई पेट दुःखेको गुनासो गर्न थालेकी छिन् । उनी आफ्नो बेदना यसरी बताउँछिन्- उनको घरमालिकको पसल चलाएर बस्ने २५ वर्षीय एक अविवाहित छोरो छ । असोज महिनाको दोस्रो सातातिर उसका बाबुआमा बाहिर गएको मौका छोपी छोराले मायालाई बलात्कार गऱ्यो र अहिले पनि त्यो क्रम जारी छ । मायाको महिनावारी नभएको दुई महिना भइसक्यो ।

राजधानीका विभिन्न घरमा काम गर्ने धेरैजसो बालबालिकाहरू प्रायः काठमाडौं उपत्यकाबाहिर गरिब परिवारका हुन्छन् र उनीहरूको प्रमुख समस्या जीविकोपार्जन नै हुन्छ । उनीहरूलाई पढाइदिन्छु र ठूलो भएपछि जागिर लगाइदिन्छु भन्ने वाचा गरेर काममा लगाउँछन् तर उनलाई खाना-लाउनबाहेक अत्यन्त न्यून पारिश्रमिक दिइन्छ । र, उता ती बालबालिकाका अभिभावक पनि विपन्न भएका हुनाले उनीहरू आफ्ना छोराछोरीहरूले सहरमा काम पाए भने एकदिन त सुख पाउलान् भनी त्यस्तो अवस्थाप्रति पनि कुनै चिन्ता गर्दैनन् । करिब एक वर्ष बिताएपछि ती नाबालकहरू घरको काममा अभ्यस्त हुन्छन् जसको उज्ज्वल भविष्यको कुनै सम्भावना हुँदैन ।

नेशनल लेबर एकेडेमी नेपालले गरेको एक सर्भेक्षणअनुसार काठमाडौं उत्यकाका प्रत्येक ५ घरमध्ये एक घरले त्यस्ता बालबालिकाहरूलाई घरायसी काममा लगाउँछन् । सन् २००० को सर्वेक्षणअनुसार काठमाडौं महानगरपालिकामा मात्र त्यस्ता २१ हजार १ सय ९१ काम गर्ने केटाकेटीहरू छन् । तिनीहरूमध्ये ७० प्रतिशत १४ वर्षमुनिका छन् भने ४६ प्रतिशत केटीहरू रहेका छन् । अधिराज्यभरि यस्ता काम गर्ने केटाकेटीको संख्या ४२ हजार ६ सय ७२ भएको अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनले दिएको तथ्यांकमा यस्ता केटाकेटीको संख्या त्योभन्दा निकै बढी छ । उक्त संगठनका अनुसार नेपालको सहरी क्षेत्रका घरमा काम गर्ने बालबालिकाको संख्या करिब २६ लाख छ । राष्ट्रिय श्रम प्रतिष्ठान नेपालका अनुसार त्यसरी बालबालिकालाई काम लगाउनेमा ब्राह्मण जाति प्रथम स्थानमा छन् भने नेवार समुदाय दोस्रो स्थानमा ।

श्रम ऐन, २०४८ को दफा ५ ले बालबालिकालाई कुनै पनि कारखानामा काम लगाउन प्रतिबन्ध लगाएको छ । उक्त ऐनले १४ वर्ष उमेर नपुगेको व्यक्तिलाई बाल र १४ वर्षदेखि १८ वर्षको व्यक्तिलाई नाबालक भनी परिभाषा गरेको छ । सो ऐनको उक्त दफाले नाबालकलाई तोकिएको अवस्थामा बाहेक बिहान ६ बजेअगाडि र साँझ ६ बजेपछि काम लगाउन प्रतिबन्ध गरेको छ । बालश्रम प्रतिबन्ध ऐन, २०५६ ले १४ वर्षमुनिका बालकलाई काममा लगाएमा तीन महिनाको जेल सजाय वा एक हजार रुपैयाँ जरिवाना गर्ने प्रावधान छ । तर यी प्रावधानहरू कागजमा मात्रै सीमित छन् र वास्तविकता बिलकुलै भिन्न छ ।

यसको आसय यो होइन कि नागरिक समाज बालबालिकाको यो दर्दप्रति आँखा चिम्लिरहेको छ । सिविनजस्ता संस्थाले वर्षौंदेखि यस क्षेत्रमा काम गर्दै आएको छ । श्री ५ को सरकारसँग अनुमति लिई सिविनले २०५४ सालमा बालबालिकाको लागि टेलिफोन हेल्पलाइन सुरु गऱ्यो । यदि कसैले बालबालिकाले शारीरिक वा मानसिक यातना भोगेको फेला पारेमा फोन नं. २७१००० मा सिविनमा फोन गरी अनुसन्धान अघि बढाउन सक्छ । यदि त्यस्तो कार्य कानुनी रूपमा अघि बढाउनुपर्ने भएमा उक्त संस्थाले सम्पूर्ण खर्च व्यहोरिदिनेछ । त्यसरी मर्कामा परेको बालकलाई सिविनद्वारा सञ्चालित केन्द्रमा ल्याई बढीमा ३ महिनासम्म राखिन्छ । ता कि त्यो समयमा उक्त बालकलाई सामान्य स्थितिमा ल्याउने उपायहरू खोज्न सकियोस् । गत वर्ष सिविनले २० जना केटी र ८ जना केटाहरूलाई यसरी नै उद्धार गऱ्यो । तिनीहरूमध्ये धेरैजसो शारीरिक यातनाले सताइएका थिए । यिनीहरू त केवल जानकारीमा आएका मुद्दाहरू हुन् । यस्ता कैयन घटनाहरू छन् जसको जानकारी समाजलाई छैन । सिविनकी विमला थापा भन्छिन्- बालश्रम पूर्ण रूपमा निवारण गर्न त हामी कहिल्यै सक्दैनौं तर पनि हामी यस दिशामा केही गर्न भने अवश्य सक्छौं ।

त्यसैगरी कानुनी सहायता तथा परामर्श केन्द्र ९ीब्क्ष्ऋ० ले विशेषगरी महिला र जोखिमयुक्त वातावरणमा काम गर्ने महिला श्रमिकहरूलाई निःशुल्क कानुनी परामर्श प्रदान गर्छ । उक्त प्रयोजनको लागि सो संस्थाले एक टेलिफोन हेल्पलाइनको पनि व्यवस्था गरेको छ । उक्त केन्द्रकी डा. शान्ता थपलिया भन्छिन्- अदालतले अधिकांश मुद्दाहरूमा मर्कामा परेकाहरूको पक्षमा फैसला गर्ने र क्षतिपूर्ति गर्ने निर्णय गरे पनि व्यवहारमा भने त्यो लागू हुन सकेको छैन । ‘सिद्धान्ततः हामी पीडितहरूलाई न्याय दिलाउन सक्षम छौं तर त्यसको कार्यान्वयन भने एक अत्यन्त कठिन पाटो हो’ भनी भन्छिन् ।

संयुक्त राष्ट्रसंघीय बालकोष तथा अन्तर्राष्ट्रिय श्रम संगठनजस्ता संस्थाले चर्को आवाज निकाल्न थालेपछि श्री ५ को सरकारले पनि यस क्षेत्रमा केही चासो देखाउन थालेको छ । सरकारले बालश्रमको निकृष्ट रूप (१९९९) सँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धि नं. १८२ लाई अनुमोदन गर्ने तयारी गरिरहेको बुझिएको छ । सन् २००० को मे महिनामा अमेरिकाको वासिङ्गटनमा भएको ‘वेष्ट प्राक्टिसेज कन्फरेन्स’

मा नेपाल सरकारले शीघ्र कार्ययोजनाको कार्यान्वयन गरी बालश्रमको निकृष्ट रूपको अन्त्य गर्ने तथा उनीहरूको पुनर्स्थापना तथा पुनर्संयोजन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

उक्त कदम उत्साहप्रद देखिन्छ तर यथार्थमा भने खासै उपलब्धि हासिल हुन सकेको छैन । र, विद्यमान कानुनहरूको समेत कार्यान्वयन नभइरहेको अवस्थामा यो सामान्य कुरा हुन आउँछ । श्रम ऐनले बालश्रमलाई गैरकानुनी बनाउन सक्यो तर यो यद्यपि व्यवहारमा छ र देशमा कति बालमजदुर छन् भनी पत्ता लगाउन कुनै आधिकारिक अध्ययन गरिएको छैन । जबसम्म नागरिक समाजले बालकलाई मजदुरी गराउन नकार्दैन तबसम्म जतिसुकै संस्थाले सहयोग गरे पनि, सरकारले जतिसुकै अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरे पनि घरले बालश्रम अन्त्य गर्ने उपायहरूको घोषणा गरे पनि यो आधुनिक दासत्वको अन्त्य हुने छैन । त्यसरी नै बालश्रमको जतिसुकै वकालत गरे पनि यथार्थमा बालबालिकाहरूको भविष्य बिगारिदिने कार्य क्षम्य हुन सक्दैन ।

ललल

संचारिका लेखमाला/संचारिका समूह

बालिकाको अधिकारमा समाजको दायित्व

लेखनाथ भण्डारी

नेपाली समाजमा बालिकाको अधिकारको चर्चा गर्दा हाम्रा सामाजिक मान्यता, परम्परा र महिलाप्रतिको दृष्टिकोणलाई ध्यान दिनैपर्छ । बालिका, जसले नजन्मदैदेखि बालिका मात्र नभएर आमाले समेत भेदभाव र अपमानको शिकार हुनुपर्दछ । भनिन्छ 'छोरा जन्मे खसी, छोरी जन्मे फर्सी' अनेकौं सांस्कृतिक, कुप्रथा एवं प्रचलनबीच नेपाली समाजमा बालिका अधिरकारको संरक्षणका लागि विद्यमान महिला र पुरुषबीचको सबै प्रकारका असमानतालाई निर्सत अन्त्य गरिनु अति जरुरी छ ।

जबसम्म नेपाली महिलाले पुरुषसरह हैसियत सम्पूर्ण रूपमा प्राप्त गर्दैनन् तबसम्म हाम्रो समाजमा जन्मने बालिकाहरूप्रतिको भेदभावले सामाजिक दृष्टिकोण, व्यवहार र अपमानबाट मुक्ति पाउँदैन ।

नेपाली समाजमा महिला-पुरुषबीचको असमानता सामाजिक कुप्रथाका रूपमा मात्र नरहेर ऐन-कानुनहरूमा समेत कायमै छन् । सांस्कृतिक, धार्मिक तथा परम्परागत कुप्रथाका कारण महिलाविरुद्धका भेदभावहरूको अन्त्यका लागि सामाजिक चेतना र जागरणको दियो सल्काउने काम भइरहेकै छ तर राज्यनियन्त्रित भेदभावमूलक कानुनहरूका कारण महिला असमानताविरुद्धको दियो जति बल्नुपर्ने हो त्यति बल्नुको सट्टा निभ्ने वा निभाउने दुश्चक्रको शिकार हुन बाध्य छ ।

महिला, कानुन र विकास मञ्चले गरेको पछिल्लो अध्ययनअनुसार नेपालमा राज्यनियन्त्रिणत ५४ वटा विभिन्न कानुनहरूमा १ सय १८ कानुनी व्यवस्था तथा ६७ वटा अन्य विभिन्न अनुसूचीहरूमा महिला-पुरुष असमान वा महिलाविरोधी प्रावधान सक्रिय छन् । जबसम्म राज्यनियन्त्रित त्यस्ता कानुनहरूको सम्पूर्ण रूपमा संशोधन वा खारेज गरी महिला-पुरुष असमानता वा महिलाविरोधी व्यवस्थाको अन्त्य गरिन्न तबसम्म महिलाप्रति हाम्रो दृष्टिकोण, व्यवहार समतामूलक, सम्मानजनक, सहअस्तित्वपूर्ण र मानवअधिकारप्रति प्रतिबद्ध, मानवीय मूल्य र मान्यतामा आधारित हुन सक्दैन । नेपाली महिलाहरूको स्थिति र हैसियत जबसम्म सम्मानजक रूपमा स्थापित हुन सक्दैन तबसम्म तिनै आमाहरूले जन्माउने बालिकाहरूको हक-अधिकारको संरक्षणप्रति हामी र हाम्रो समाजले आफ्नो उत्तरदायित्व महसुस गर्नु जरुरी ठान्दैन वा सक्दैन ।

देशको मूल कानुन संविधान हो । संविधानले लिंगका आधारमा हुने सबै भेदभावको अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ । जसअनुसार कानुनको दृष्टिमा सबै समान हुन्छन् भने महिला, बालबालिकालगायतका कमजोर वर्गको हितमा राज्यले विशेष व्यवस्थासमेत गर्न सक्छ तर पनि राज्यले कमजोर वर्गका पक्षमा अपेक्षित विशेष व्यवस्था गर्न सकेको छैन ।

बालिकाहरू पनि सबल, सक्षम र अधिकारसम्पन्न हुन् भन्ने सन्देश दिन तथा तिनको अधिकार स्थापित गर्ने दायित्व राज्यले गर्न नसकेको मात्र नभएर गर्न नचाहेकोसमेत मुलुकी ऐन एघारौं संशोधनका क्रममा भएको नाटकीय चलखेलले प्रमाणित गरेको छ ।

त्यस संशोधनले पनि पैतृक सम्पत्तिमा गर्न खोजेको वा चाहेको व्यवस्थाले अन्ततः महिला वा बालिकालाई पुरुष वा बालकसरहको हकदार हुनबाट रोक लगाएको छ ।

राज्यनियन्त्रित संविधानमा भएका व्यवस्था नेपाली महिलासँग विदेशी पुरुषले विवाह गरेमा सो व्यक्तिले नागरिकता नपाउने तर नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाले भने नेपाली नागरिकता पाउने व्यवस्था छ ।

कुनै पनि व्यक्तिले वंशजको नागरिकता प्राप्त गर्न उसको बाबु नेपाली नागरिक हुनुपर्छ, आमा नेपाली नागरिक भएर पुग्दैन । कहाँसम्म भने बाबु पत्ता नलागे पनि नेपालमा पाइएका नाबालकहरू नेपालको नागरिक हुन सक्छन् तर आमा नेपालको नागरिक भए पनि त्यस्ता नाबालकहरूले नेपालको नागरिकता प्राप्त गर्न सक्दैन ।

आमा हुनुको गर्व, गौरव र मानवीय मूल्य पुरुष हुनुको कथित अहम्मा छैन । सन्तान जन्माउने त्यही महान् अभिभारा बोकेकी आमाप्रति हाम्रो सामाजिक दृष्टिकोण वा मान्यता र व्यवहार पक्षपातपूर्ण छन् । ती आमा जसले सन्तान जन्माउँछिन्, तिनको विशेष लालन, पालन, पोषण र सुरक्षाको व्यवस्था नगरिने प्रचलनहरू हाम्रो समाजमा जीवित छन् । सन्तान जन्माउने महान् जिम्मेवारी प्राप्त भएका कारण विशेष सम्मान र संरक्षणका सट्टा एउटा कुनामा लगेर थन्काउने, छीःछीः र दुरदुर गर्ने, सन्तान जन्माउँदा अछुत हुनेजस्ता भेदभावपूर्ण व्यवहार भोगिरहेका तिनै आमाका सन्तानले तिनै आमा र तिनबाट जन्मने बालिकाहरूप्रति गर्ने व्यवहारमा कसरी सुधार आउँछ जबसम्म ती आमाहरूले सम्मानजनक व्यवहार गरेको तिनकै सन्तानले देख्न वा महसुस गर्न पाउँदैनन् ।

एउटै बाबुआमाका एक छोरा र एक छोरी हुर्कंदै जानेक्रममा छोरालाई मात्र होइन, छोरीलाई पनि पढाउनुपर्छ भन्ने भावना सामाजिक दबाब र परिवर्तनसँगै प्रबल हुँदै गएको छ । तर तिनै छोराछोरीमा आमा र बाबुले गर्ने घरायसी कामको बाँडफाँड र बाबुलगायतका परिवारका अन्य सदस्यले आमाप्रति गर्ने व्यवहारमा हुने अन्तरले पार्ने छापसँगै बालिका अधिकार कुण्ठित, अपहेलित र अपमानित हुँदै जान्छ । छोरीले घरमा आमालाई सघाउनैपर्ने र छोराले खेल्न छुट पाउने, छोरा राम्रो बोर्डिङ स्कुलमा छोरी साधारण सरकारी स्कुलमा पढ्ने, छोरीको विवाह कम उमेर (२० वर्ष अगावै) गरिने र छोराको लागि पढाइ पूरा गर्नुपर्ने वा राम्रो रोजगारी हुनैपर्ने वा आफ्नै खुट्टामा उभिएको र विवाहित श्रीमतीलाई पाल्न सक्ने हुनुपर्ने धारणा तथा व्यवहारले बालिकाहरूको जीवन उनीहरूले प्राप्त गर्ने अवसर र हकबाट कुण्ठित हुने गरेको छ ।

त्यस्ता घटना र व्यवहारमा परिवर्तन ल्याउने दायित्व समाजका हामी हरेक नागरिकको, सामाजिक कार्यकर्ता वा सञ्चारकर्मीलगायतका अगुवा नागरिक, जनप्रतिनिधिहरू, शिक्षक तथा सबै शिक्षित व्यक्ति र समुदायको दायित्व हो । तर पनि हामी स्वयम् त्यस्ता घटनाहरूमा मौन रहनु अर्को दुःखद विडम्बना पनि जीवित नै छ ।

हाम्रा कुप्रथा वा महिलाविरोधी परम्पराको चर्चा गर्दा छोरीलाई वस्तुसरह बिक्री गर्ने, यौनशोषण गर्ने, बालविवाह, बेलविवाह, गुफा राख्ने, मासिक प्रक्रिया, सुत्केरी अवस्थालाई अछुत ठान्ने, कन्यादान गर्ने, बहुविवाह र बहुपति प्रथा, दाइजो, जारी, तिलक, भाउजू विवाह गर्ने, झुमाप्रथा, वादीप्रथा, देउकीप्रथा, कुमारी, बोक्सी, गर्भपतनको आरोपलगायतका संस्कृति रहेका छन् । त्यसले हरेक यस्ता प्रथाले एउटी बालिकाको अधिकारलाई कुण्ठित, उपेक्षित र अपमानित गरिरहेको हुन्छ ।

त्यस्ता प्रथा, परम्परा, व्यवहार र दृष्टिकोणले नवजात अवस्थाका बालिकाको लागि मानव भएर मानवसरहको हैसियत कायम गर्ने, बालकसरह सहअस्तित्व राख्ने र मानवीय व्यवहारको लागि प्रेरित गर्नुको सट्टा उनीहरूलाई वस्तुका रूपमा प्रयोग गर्ने, दुरुपयोग गर्ने वा स्वार्थपूर्ति गर्ने दासी वा यौनजन्य दुर्व्यवहार गर्ने प्रवृत्तिलाई प्रोत्साहित गरेको छ । त्यस्ता प्रथा, व्यवहार, दृष्टिकोण र राज्यनियन्त्रित भेदभाव अन्त्य गर्ने सामाजिक पहल र दायित्व मुख्य रूपमा सहयोगी तथा सकारात्मक हुनु आवश्यक छ ।

हाम्रो समाजमा विद्यमान यस्ता प्रचलनलाई पुऱ्याउने प्रमुख काम राज्यनियन्त्रित संविधान तथा ऐन-कानुनले नै गरेका छन् । राज्यको प्रमुख दायित्व सबै नागरिक निसर्त समान हुनुपर्नेमा व्यवहारमा ठीक उल्टो स्थिति छ । त्यसका लागि हाम्रो सन्दर्भमा उल्लेख गर्दा नागरिक समाजबाट जुन प्रशंसनीय प्रयत्नहरू भएका छन्, त्यसको तुलनामा राज्यको प्रयत्न नगन्य मात्र होइन कि नियत नै नकारात्मक रहेको अनेकौं उदाहरण व्यवहारले नै देखिएको छ । राज्य वा सरकारीस्तरबाट गरिने प्रयत्न र पहलमा देशमा रहेका प्रमुख राजनीतिक पार्टीहरू जो महिला-पुरुष समानताका पक्षपाती रहेको दाबी गरेर आजसम्म थाकेका छैनन्, ती पार्टीहरूको प्राथमिकतामा पनि महिला-पुरुष समानताको ग्यारेन्टी गर्ने/गराउने वा महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्ने अवस्थाको सिर्जना हुन आवश्यक छ ।

ललल

संचारिका लेखमाला/संचारिका समूह

शिक्षाको अभावमा पिछडिएका बालिकाहरू

भुवन के.सी.

बालाजु फूलबारी गेटकी १० वर्षीया सुनिता नगरकोटीले चाहेर पनि विद्यालय जान पाइनन्। उनको घरबाट श्री नागार्जुन माध्यमिक विद्यालय देखिन्छ। हिंडेर १० मिनेटमा पुगिने सो विद्यालयले छर्ने शिक्षाको ज्योतिबाट उनी विमुख छिन्। परिवारको कमजोर आर्थिक अवस्था नै उनको विद्यालय जान रोक्ने माध्यम बनेको छ। अहिले उनी दुईजना बहिनीको हेरचाहमा दिन बिताउँछिन्।

अति विपन्न परिवारका उनका बाबुआमा बिहानदेखि काममा जान्छन्। काममा नगए साँझमा छाक टार्न सकिंदैन। काममा गए छोरीलाई पढ्न पठाउन पाइँदैन- नगरकोटीका अभिभावकले बताए।

काठमाडौं महानगरपालिकासँग जोडिएको गोलढुंगा गाविस वडा नं. ५ मा मात्रै विद्यालय जाने उमेरका २० भन्दा बढी बालिकाहरू विद्यालय जान पाएका छैनन्। वडाध्यक्ष सोमबहादुर श्रेष्ठ भन्छन्- आर्थिक समस्या नै बालिकाहरू विद्यालय जान नपाउने प्रमुख कारण बनेको छ। त्यसबाहेक बालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने चेतनाको अभाव पनि छ।

गोलढुंगा गाविसमा विद्यालय जाने उमेरका एक सयभन्दा बढी बालिका विद्यालय जानबाट वञ्चित रहेको तथ्यांक गाविस कार्यालयसँग छ। सुविधासम्पन्न काठमाडौं जिल्लामा पर्ने गोलढुंगा गाविस त एउटा नमुना मात्र हो। अधिराज्यमा त्यो समस्या विकराल रूपमा रहेको देखिन्छ।

जनसंख्या तथा वातावरण मन्त्रालयका अनुसार अधिराज्यका ४ लाख ३३ हजार २ सय ६६ बालिका विद्यालय गएका छैनन्। विद्यालय भर्ना भई कापी, कलम र किताब समाई भविष्य उज्ज्वल बनाउने काममा लाग्नुको सट्टा उनीहरू बिनाउद्देश्य अधिराज्यका विभिन्न ठाउँमा बस्न विवश छन्। ती बालिकाहरू शिक्षाको पहुँचबाहिर रहनुमा लैंगिक विभेदका साथसाथै सामाजिक, आर्थिक पक्ष जिम्मेवार छन्।

लैंगिक असमानतालाई कम गर्न सरकारले विगत लामो समयदेखि छोराछोरी बराबरी हुन् भन्ने नारालाई अघि सार्दै आएको छ। समाजमा विद्यमान असमानतालाई कम गर्नका लागि जनचेतना जगाउने प्रयास गर्दै आएको छ। छोराछोरीमा हुँदै आएको विभेदलाई सरकारी प्रयासले केही कम गरेको त छ। यद्यपि नेपाली समाजमा अझै पनि त्यसका बारेमा पर्याप्त चेतना जागेको छैन जसका कारण शिक्षाको पहुँचबाट बाहिर रहेका अभिभावकमात्र होइन, शिक्षा आर्जन गरेका केही अभिभावकहरूले पनि छोरा र छोरीमा फरक व्यवहार गरेको पाइन्छ।

बालबालिकासम्बन्धी ऐन २०४८ मा बालबालिकाले पढ्न पाउने अधिकारका बारेमा उल्लेख गरिएको छ। ऐनमा उल्लेखित अधिकारका बारेमा कैयौं बालिकाले थाहा पाउन सकेका छैनन्। उल्लेखित अधिकार प्रदान गर्नका लागि राज्यका तर्फबाट भएका पहल काफी छैनन्।

बालअधिकारसम्बन्धी महासन्धिले प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निःशुल्क शिक्षा दिने अवधारणालाई अघि सारेको छ। मानवअधिकारसम्बन्धी घोषणापत्रमा प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार भएको उल्लेख छ। तर त्यो व्यवहारमा अहिलेसम्म संभव हुन सकेको छैन।

यद्यपि शिक्षा मन्त्रालयका प्रवक्ता युवराज पाण्डेले भन्नुभयो- बालिकालाई शिक्षामा पहुँच बढाउन सहयोग पुऱ्याउनका लागि छात्रावृत्ति कार्यक्रम सञ्चालन गर्दै आएका छौं। त्यसलाई भविष्यमा अझ बढी प्रभावकारी बनाउँदै जाने पक्षमा छौं।

वि.सं. २०४७ सालमा थाइल्यान्डको जोम्टिनमा सबैका लागि शिक्षा विषयमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भएको थियो। सो अवसरमा नेपालले सन् २००० सम्ममा सबैका लागि शिक्षा प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको थियो। तर निर्धारित समयमा प्रतिबद्धता पूरा गर्न सरकार सक्षम भएन। सरकारको असक्षमताले गर्दा शिक्षाको अवसरबाट वञ्चित भएका बालिकाले पनि शिक्षा प्राप्त गर्ने अवसर पाएनन्। त्यसका लागि उनीहरूले अझ १५ वर्ष कुर्नुपर्ने भएको छ। फेरि सरकारले सन् २०१५ सम्ममा सबैका लागि शिक्षा उपलब्ध गराउने प्रतिबद्धता अन्तर्राष्ट्रिय समुदायसामु जाहेर गरेकाले सबैले शिक्षा हासिल गर्न सक्ने कुरामा आशा कायमै रहिरहेको छ।

शिक्षाको महत्व बुझेका केही अभिभावकले आफूहरूको दयनीय आर्थिक अवस्था हुँदाहुँदै पनि आफ्ना छोराछोरीलाई विद्यालय पठाउँछन्। तर छोराछोरीको चाहनाअनुसार पढाउन सक्दैनन्। फलस्वरूप बालबालिकाहरू बीचमा नै विद्यालय जानबाट रोकिन्छन्। यस्तै मारमा परेकी छिन् रूपन्देही जिल्ला खडुवा गाविस वडा नं. ८ की बालिका चित्रकला थापा। भगलापुर माविमा कक्षा पाँचमा पढ्दै गरेकी थापा माध्यमिक तहभन्दा पनि माथिको शिक्षा आर्जन गर्न चाहन्थिन। आर्थिक अवस्था कमजोर भएको उनको परिवारले पाँच कक्षामा पढ्दै विद्यालय पठाउन छोड्यो। विद्यालय जानका लागि पटकपटक अनुरोध गर्दा परिवारले नमानेपछि उनी कामको खोजीमा लागिन्। अहिले थापा तामनगरको एउटा फलफूल पसलमा काम गर्छिन्।

शिक्षाको महत्व बुझेर छोरीलाई पढाउनुपर्छ भन्नेहरूले पनि छोरा र छोरीलाई विभेद गरेका छन्। छोरालाई बोर्डिङमा पढाउने र छोरीलाई सरकारी स्कुलमा पढाउने गरेको पाइएको छ। सहरबजारमा यस्ता घटना कम भए पनि गाउँका हुने-खानेहरूले छोरीलाई गाउँको सरकारी विद्यालय र छोरालाई बोर्डिङमा पढाउनका लागि सहरमा पठाउने गरेका छन्। वर्गीय शिक्षा पुस्तकका अनुसार नुवाकोट सूर्यमती गाविस वडा नं. ९ का गोपीकृष्ण सेढाईले छोरालाई काठमाडौंको सुविधासम्पन्न बोर्डिङ स्कुलमा पढाएका छन् भने छोरीलाई गाउँको सरकारी विद्यालयमा।

पारिवारिक तथा आर्थिक हिसाबले विद्यालय जान नपाएका तथा विद्यालयमा पढ्दा-पढ्दै बीचमा पढाइ छोडेका ८ वर्षदेखि १४ वर्षसम्मका बालबालिकाका लागि पनि अनौपचारिक शिक्षा सञ्चालन गरिएको छ। वि.सं. २००८ सालदेखि सुरु भएको अनौपचारिक तथा साक्षरता अभियानले बालबालिका साक्षर हुनका लागि सहयोग पुगे पनि कार्यक्रम कछुवाको गतिमा अघि बढेको छ। अहिलेसम्म पनि साक्षरता प्रतिशत ६० भन्दा माथि पुग्न नसक्नुले पनि सो कुरालाई बुझ्न सहयोग गर्दछ।

नेपालका कुनै जिल्लाका विद्यालयमा एकजना बालिका पनि विद्यालयमा नआएको अवस्था छ। शिक्षा समूह नेपालका अनुसार डोल्पा जिल्लाको उत्तरी क्षेत्रका ६ वटा गाउँहरूमा रहेका १६ वटा प्राथमिक विद्यालयमा आउने विद्यार्थीमा एकजना पनि बालिका छैनन्।

देशभरिको तथ्यांकले बालकको अनुपातमा विद्यालय जाने बालिकाको संख्या थोरै देखाउँछ। जनसंख्या मन्त्रालयले प्रकाशित गरेको नेपाल जनसंख्या प्रतिवेदनअनुसार विद्यालय जाने १ सय विद्यार्थीमध्ये ३९ बालिका र ६१ बालक छन्। विद्यालय भर्ना भएर छोड्नेमा १ बालकबराबर २ बालिका छन्।

नेपालमा केटाको उमेर २० र केटीको उमेर १८ नाघेपछि विवाह गर्न पाउने कानुनी व्यवस्था छ। तर कानुनलाई चुनौती दिँदै जतिसक्यो चाँडै बिहे गरिदिने र आफू ठूलो समस्याबाट मुक्त भएको ठान्नेहरूको समूह पनि समाजमा छ। विवाहपछि पढ्नुहुँदैन। राम्रो केटा पाउनका लागि पढाउने हो। त्यसपछि पढेर के फाइदा ? भन्ने पनि छन्। त्यसैले बालिकाको पढाइभन्दा विवाह गरिदिने कुरामा अधिक समय खर्च गर्ने गरिन्छ।

हुम्ला त्यसको एउटा नमूना हो। हुम्ला जिल्ला विकास समितिले प्रकाशित गरेको जिल्लाको वस्तुगत विवरणमा उल्लेख भएअनुसार ब्राह्मण समुदायका पुरुषले रजस्वला नभएकी बालिकासँग विवाह गर्ने प्रचलन रहिआएको छ।

बालबालिकाका समान अधिकार र दायित्वहरू छन्। त्यसप्रति सबैमा चेतना ल्याउनुपर्छ। बालबालिकालाई हातेमालो गराई अघि बढाउनुपर्छ। सामाजिक विकृतितिर फस्नेतिर होइन, व्यावसायिक र सीपमूलक शिक्षा दिनुपर्छ जसले समुन्नत समाजको मात्र होइन, सिंगो मुलुकको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। त्यसर्थ छोराछोरीमा गरिने विभेद हटाउने मात्र नभई 'शिक्षाबिना मानिस पशुसरह हुन्छ' भनिएको छ। त्यो हटाई मानिसलाई मानिसकै रूपमा बाँच्न सक्ने स्थितिको सिर्जना गर्नुपर्छ। त्यस्तो स्थिति बनाउनका लागि सरकार, नागरिक समाज तथा विभिन्न निकायहरू सबै गम्भीर भएर लाग्नुपर्छ। अनि मात्र देशलाई सबलीकरणको दिशातर्फ उन्मुख गराउन सकिन्छ।

ललल

संचारिका लेखमाला/संचारिका समूह

उद्यमी महिलालाई पुँजी चाहियो बस्

बीबी खत्री

क्रिएटिभ विमेन क्राफ्टकी प्रबन्धक-निर्देशक अन्जना ताम्राकारले आफ्नै पति, भाइ र माइतीसँग ५ वर्षअघि ४ लाख रुपैयाँ ऋण लिएर व्यवसाय सुरु गरेकी थिइन्। उनको कम्पनीले गत वर्ष १२ लाख रुपैयाँको कारोबार गरेको थियो। झन्डै २ दर्जन महिलालाई रोजगारी पनि दिँदै आएकी थिइन् उनले। अहिले आर्थिक मन्दी भए पनि डेढ दर्जन महिलालाई रोजगारी दिएकी छिन्।

पति र भाइलाई दुई वर्षमा नै उनले ऋण चुक्ता गरिन्। अहिले उनीसँग १० लाखभन्दा बढीको भौतिक पूर्वाधार छ। व्यवसाय गर्नलाई आवश्यक चालुपुँजी पनि छ। घरबाट पनि व्यवसायमा प्रोत्साहन पाउँछिन्। यसैगरी भैरहवा, कोटीहवाकी बिना न्यौपानेलाई ५ वर्षअघि ५ हजार रुपैयाँ र रीमा थापाले २ वर्षअघि ५ हजार रुपैयाँ निर्धन उत्थान बैंकसँग, बिनाधितो ऋण लिएका थिए। सुरुमा ५ हजार रुपैयाँमा चिया र बिस्कुटको पसल सुरु गरेकी बिनाले त्यसपछिका प्रत्येक वर्ष १० हजार, १५ हजार, २० हजार र १५ हजार ऋण लिएकी थिइन्। अहिले उनको पसलमा पनि १ लाखभन्दा बढीका सामान छन्। उनको पसलमा तरकारी, चियानास्ता, अन्य खाद्यवस्तुका अतिरिक्त आफ्नै फोनसमेत छ।

बिनाका श्रीमान् ठगप्रसाद न्यौपानेले त्यही पसलको आम्दानीबाट आफूले पढ्ने समयमा लिएको ऋणसमेत तिरे। ५५ हजार रुपैयाँमा २ वर्षअघि घडेरी पनि किने। यस वर्ष ६५ हजार रुपैयाँ खर्च गरेर घरको जगसमेत पुरिसकेका छन्। सोही गाउँ बस्ने रीमा थापाले पनि दुई वर्षअघि ५ हजार रुपैयाँ ऋण लिएर किराना पसल गरिन्। अघिल्लो वर्ष ८ हजार रुपैयाँ र यस वर्ष १५ हजार रुपैयाँ ऋण लिइन्। पछिल्लो ऋणको साप्ताहिक किस्ता तिर्दै आएकी उनीसँग अहिले १ लाख २५ हजार रुपैयाँबराबरको सामान पसलमा छ। ७० हजार रुपैयाँबराबरको सामान उधारोमा गएको छ। फ्रिज किनेकी छन् र ग्यासचुलोमा खाना पकाउँछिन्। छोराछोरी राम्रो स्कुलमा पढ्छन्।

पसल राम्रो चलेपछि उनका श्रीमान्ले कालीगण्डकी जलविद्युत् परियोजनाको निर्माणकर्ता इन्प्रेजिलोको जागिर छोडेर श्रीमतीलाई केही रकम लगानीसमेत गरिदिएका छन् ।

यस्तैगरी सिरहा जिल्लाको बस्तीपुरकी रामपरी यादव अहिले १४ वटा रिक्साको मालिक्नी भएकी छन् । पहिले उनका श्रीमान्ले खोलेको साइकल पसलबाट परिवारले गुजारा गर्नुपर्थ्यो । स्वावलम्बन विकास केन्द्र, लाहान शाखा प्रबन्धक तुलसीरमण पौडेलका अनुसार उनले सुरुमा ३ हजार रुपैयाँ ऋण लिएर पतिको साइकल पसलमा सामान थप्न सहयोग गरेकी थिइन् । पसलमा सामान थपेपछि आम्दानी बढ्यो ।

दोस्रोपटक उनले ५ हजार रुपैयाँ ऋण लिएर दुईवटा पुराना रिक्सा किनिन् । रिक्साबाट राम्रै आम्दानी भएपछि तेस्रो वर्ष १० हजार रुपैयाँ ऋण लिएर २ वटा नयाँ रिक्सा किनिन् । ती रिक्साबाट भएको दैनिक आम्दानी बचत गरेर उनले अहिले १४ वटा रिक्सा किनेकी छन् । यसबाट उनको दैनिक आम्दानी २ सय ८० रुपैयाँ हुन्छ भने श्रीमान्को पसलमा पनि ६० हजारभन्दा बढीका समान छन् । दुईजना काम गर्ने मानिससमेत राखेका छन् । अहिले उनीहरूले लाहान बजारनजिकै घडेरीसमेत किनेका छन् ।

अञ्जना, बिना, रीमा र रामपरी सबैका पतिहरूले सहयोग गर्छन् । अञ्जनालाई पतिले लगानी गरिदिए र काम गर्ने वातावरण दिए भने बिना र रीमाका पतिहरूले पनि पसलमा समान ल्याइदिने र पैसा उठाउने काममा सहयोग गर्छन् । घरको काममा पनि सहयोग गर्छन् उनीहरू । यी महिलाहरू भाग्यमानी हुन् जो परिवारबाट सहयोग पनि पाए र व्यवसायका लागि संस्था वा परिवारबाट नै भए पनि ऋण पाए । तर, यस्ता भाग्यमानी महिलाको संख्या ज्यादै न्यून छ । अञ्जना, बिना, रीमाजस्ता धेरै उद्योग गर्न चाहने महिलाहरू लगानीको लागि पुँजीको अभावमा व्यवसायमा उत्रिन सकेका छैनन् उता उद्यम गर्न चाहने धेरै महिलाहरू बैंकसम्म गई ऋण लिन धक मान्ने प्रवृत्तिका कारण आफ्नै नातेदार वा अन्य व्यक्तिबाट धेरै व्याजदरमा ऋण लिन बाध्य छन् । त्यसैगरी बैंकबाट ऋण लिने प्रक्रिया पनि धेरै महिलाहरूलाई थाहा नभएका कारण पनि उनीहरू यो व्यवसायमा आउन सकेका छैनन् । नेपालको जनसंख्याको स्थितिअनुसार महिलाको संख्या ५० प्रतिशतभन्दा बढी छ । तर, मुस्किलले साढे दुई प्रतिशत महिलाले मात्र यस्तो सहयोग पाएका होलान् । पुरुषभन्दा सफा नियत, धैर्य, इमानदार र लगनशीलताले सार्वजनिक क्षेत्रमा कुशल व्यवस्थापक र उद्यमीको रूपमा महिलाहरू आएका छन् ।

महिलाहरूमा काम गर्ने अदम्य साहस र उत्साह छ, रहर छ । उनीहरूले परिवारबाट काम गर्ने वातावरण र काम सुरु गर्न आवश्यक सानो पुँजी मात्रै पाउन सके भने आफूलाई आर्थिक रूपमा आत्मनिर्भर मात्र होइन, सिंगो परिवारकै आर्थिक मेरुदण्ड बन्न सक्छन् । कुनै न कुनै माध्यमबाट सानो पुँजी पाएर अपार सफलता हासिल गरेका करिब २ लाखभन्दा बढी महिलाले उनीहरूभित्रको अद्भुत व्यवस्थापन क्षमता देखाइसकेका छन् । यी महिलाको अनुशरण गरेर ५० प्रतिशतभन्दा बढी महिलालाई सामान्य पुँजी प्रवाह गर्ने हो भने ओरालो लाग्दो अर्थतन्त्र माथि उकास्नसमेत सहयोग पुग्ने थियो ।

काठमाडौंकी साना उद्यमी अञ्जना ताम्राकार, भारतीय सीमा नजिकको भैरहवा र बुटवलको मध्यभागमा पर्ने कोटीहवाभन्दा तीन किलोमिटरभित्रका स-साना छुट्टाछुट्टै गाउँका बिना न्यौपाने र रीमा थापा तथा सिरहा बस्तीपुरकी रामपरी यादव ज्वलन्त उदाहरण हुन् । जसले आफन्त, निर्धन उत्थान बैंक तथा स्वावलम्बन केन्द्रले उपलब्ध गराएको ऋणबाट काम सुरु गरेर व्यक्तिगत र पारिवारिक जीवनस्तरमा परितर्वन ल्याएका छन् । गत असार मसान्तसम्म २ लाख १३ हजार ५ सय ११ महिलाले सरकारद्वारा सञ्चालित ग्रामीण विकास बैंक र अन्य विभिन्न संस्थाबाट बिनाधितो ऋण पाएका छन् । घरेलु तथा साना उद्योग महासंघमा सदस्यता लिएका अधिराज्यभरिका साढे ६ हजार साना महिला उद्यमीमध्ये करिब ३० प्रतिशतले मात्र वित्तीय संस्थाबाट ऋण पाएका छन् भने अन्यले आफन्तसँग सापटी लिएर वा पेवा रकमबाट व्यवसाय सुरु गरेका छन् ।

लघुवित्त कार्यक्रम सञ्चालन भएका स्थानमा सामूहिक जमानीमा महिलालाई आयमूलक कामका लागि ऋण लिन असजिलो छैन तर त्यस्ता संस्थाहरूले अधिकतम ४० हजारभन्दा ऋण प्रवाह गर्दैनन् । २-३ लाख रुपैयाँ लगानी गरेर काम गर्न चाहने महिला उद्यमीका लागि ऋण उपलब्ध गराउने संस्था सरकारी र निजीस्तरबाट सञ्चालित छैनन् । घरेलु महासंघअन्तर्गतको केन्द्रीय महिला उद्यमी उपसमितिका सचिव बिन्दु तिम्सिनाले महिला उद्यमीका लागि कम्तीमा पनि दुई लाख रुपैयाँसम्मको ऋण पत्याइदिने संस्थाको अभावमा थुप्रै प्रतिभाशाली र काम गर्न इच्छुक महिला हात खुम्च्याएर बस्नुपरेको बताउँछिन् ।

महिलालाई व्यवसाय सञ्चालन गर्न आवश्यक व्यवस्थापन र बजार प्रबर्द्धनसम्बन्धी तालिम दिँदै आएकी तिम्सिनाले केही गर्ने सपना बोकेर तालिममा सहभागी हुनेको संख्या ठूलो रहेको बताइन् । उनको वर्षौंको अनुभवअनुसार काम गर्ने उद्देश्यले तालिम लिएका महिलामध्ये ९० प्रतिशतको सीप यत्तिकै खेर गइरहेको छ ।

व्यवसाय गरिरहेका ५१ प्रतिशत महिला काम गरेपछि आफ्नो प्रतिष्ठा बढेको बताउँछन् । क्रिएटिभ विमन क्राफ्टकी अञ्जना ताम्राकार अहिले सम्झन्छिन्- '... यदि मैले व्यवसाय सुरु नगरेको भए केवल जागिरे मात्र हुने थिएँ तर अहिले सफल उद्यमीका रूपमा सबैले चिन्छन् र परिवारमा समेत प्रतिष्ठा बढेको छ ।' उनी भन्छिन्- ...मैले वित्तीय संस्थाबाट ऋण लिएर काम गर्न धेरै प्रयास गरेँ । चिनेका बैंकका मानिसहरू ऋण मिलाइदिन तयार पनि भए तर मेरो नाममा धितो राख्नका लागि केही पनि थिएन । त्यसैले ऋण पाउन सकिनँ । मैले सुरुमा आवश्यक सबै रकम जुटाउन नसकेर भाइलाई साझेदारसमेत बनाउनुपर्‍यो ।

ऋण पाएका रीमा, बिना, रामपरी र आफैं ऋण खोजेर काम सुरु गरेकी अञ्जनाको जीवनमा धेरै कायापलट भएको छ। महिलाहरू आर्थिक उपार्जनमा सक्रिय भएका घरको भौतिकस्तरमा परिवर्तन भएको छ। महिलाले कमाएको रकम घरलाई सुविधाजनक बनाउन र छोराछोरीको पढाइमा बढी खर्च हुने गरेको छ। यसबाट उपभोक्ताको क्रयशक्तिमा वृद्धि हुँदा आर्थिक गतिविधि तीव्र भएका छन्। घरजग्गाको कारोबारमा वृद्धि भएको छ। घर बन्ने क्रममा समेत वृद्धि भएको छ र जीवनस्तरमा सुधारमात्र भएको छैन, देशकै गरिबी निवारणमा प्रत्यक्ष सहयोग भएको छ।

घरेलु तथा साना उद्योग महासंघ, महिला उपसमितिकी केन्द्रीय सचिव बिन्दु तिम्सिनाले साना उद्योग गर्न चाहने महिलाको समूहलाई पनि उनीहरूले स्थापना गर्ने उद्योग नै धितो राखेर ऋण दिने व्यवस्था भएमा धेरै महिला उद्यमी बन्न सक्ने बताउँछिन्।

परिवारप्रति महिलाको जिम्मेवारी, पुँजीको सदुपयोगप्रति कटिबद्धता र अनुशासनलाई मध्यनजर राखेर बंगलादेशका प्रोफेसर मुहम्मद युनुसले सन् १९७० को दशकमा ग्रामीण बैंक प्रणालीको प्रतिपादन गरेका थिए। अहिले बंगलादेशमा थुप्रै ग्रामीण महिला उद्यमीहरू कम्मरमा मोबाइल फोन झुण्ड्याएर हिंड्छन्। तर, नेपालमा साना तथा मझौला उद्योग गर्न चाहने महिलाका लागि कुनै पनि सरकारी तथा वित्तीय संस्थाले कार्यक्रम सुरु गरेका छैनन्।

पछिल्लो समयमा केही वाणिज्य बैंकहरूले स्वीट होम ऋण प्रवाह गर्न थालेका छन्। उनीहरूले एउटा परिवारलाई १० लाख रुपैयाँसम्म ऋण पत्याउने गरेका छन्। यस्तैगरी वाणिज्य बैंकहरूले उद्यमी बन्न चाहने महिलालाई ऋण सहयोग गरेको खण्डमा मुलुकको धेरै पुँजी परिचालित हुन्थ्यो। बढ्दो निक्षेप धान्न नसकेका बैंकहरूले महिला उद्यमीलाई ऋण दिने व्यवस्था गरेको खण्डमा धेरै फाइदाजनक हुन्छ र बचत गर्नेलाई बढी व्याज पनि हुन सक्छ। बढी व्याजको लोभले बचत गर्नेको संख्यामा समेत वृद्धि हुनेछ। श्री ५ को सरकारअन्तर्गतको महिला विकास माहाशाखाद्वारा प्रदान गरिँदै आएको ऋण, महिला लघुवित्त कार्यक्रम, निर्धनजस्ता कार्यक्रमले साना इनकम जेनेरेटिङ ग्रुपलाई मात्र बढी जोड दिँदै आए तापनि २ देखि ५ लाखसम्म ऋण लिएर उद्यम गर्न चाहने उद्यमीहरूका लागि न त सरकारी न त गैरसरकारी संस्थाहरूले कार्यक्रम ल्याएका छन् न त वित्तीय संस्थाहरूले नै। उद्यम गर्न चाहने महिलाहरूलाई ऋण दिने संस्थासम्म पुऱ्याउनको लागि मध्यस्थकर्ता संस्थाको आवश्यकता भएको महसुस स्वयं महिला उद्यमीले गरेका छन्। सानो पुँजीले उद्योग गर्न चाहने महिलाका लागि वित्तीय संस्थाहरू पनि निजीक्षेत्रमा आउन सकेका खण्डमा धेरै महिलाहरू उद्योग क्षेत्रमा आकर्षित हुने थिए।

ललल

संचारिका लेखमाला/संचारिका समूह

पाप कटाउन कन्या पूजा गर्नेहरू अधिकार दिनचाहिँ खोज्दैनन्

दीपेन्द्र खनियाँ

एकाबिहानै पूजापाठ सिध्याएर नातिनीको निधारमा टीका, हातमा पैसा र खुट्टामा निधार पुऱ्याउन नपाउँदै कृष्णप्रसाद घिमिरेको सामुन्नेमा सिर्जना चिया लिएर आइपुग्छिन्।

तर नातिनीलाई टीकोटालो नगरेसम्म कृष्णप्रसाद घिमिरे चिया पनि पिउँदैनन्। धर्मकर्ममा बहुतै आस्था राख्ने उनका लागि रजस्वला नभएकी कन्याको पूजामा पाप नासिने विश्वास छ। पूजाकोठाका भित्तामा झुण्ड्याइएका भगवान्लाई जत्तिकै मान-सम्मान कृष्णप्रसाद आफ्नी नातिनीप्रति दर्शाउँछन्। तर उनकी नातिनी अजिता र सिर्जना एउटै उमेरका कन्या हुन्। दुवैजना एउटै घरभित्र छन्। तैपनि नातिनीको सम्मानमा झुकेको कृष्णप्रसाद घिमिरेको मन सिर्जनामाथि बाँडिन सकेको छैन। एउटै घरभित्रका दुई कन्याबीचको फरक व्यवहार कहालीलाग्दो छ। सिर्जना यो घरमा काम गर्नका लागि भनेर गाउँबाट झिकाइएकी बालिका हुन्। अहिले उनले कृष्णप्रसादको घरमा काम गर्न थालेको ६ महिना पुगिसकेको छ। घरभित्र माया, ममता, मीठो बोली त परै जाओस् भान्छाघरमा पाकेको मीठो चोखो खानेकुरा मुखमा पऱ्यो भने पनि सिर्जना आफूलाई धन्य ठान्छिन्। सुरुका २-४ दिनबाहेक कन्या पूजामा पाप कटाउन खोज्ने कृष्णप्रसाद घिमिरेको खप्की सुनेरै सिर्जना अचेलका दिन बिताउँछिन्। हातमा कलमको साटो उनीसँग अहिले ५ जनाको परिवारको जुठाभाँडा छन्। विद्यालयमा शिक्षकले दिने गृहकार्यको साटो धुन बाँकी थुप्रै कपडा हुन्छन् उनीसँग। पूरै भाँडा सफा चिटिक्क बनाउनु उनको कर्तव्य बनेको छ। यति गर्दा पनि न उनले मालिकलाई हँसाउन सकेकी छिन् न आफैं हाँसेर बस्न सकेकी छिन्। काठमाडौंको एउटा शिक्षित परिवारभित्रको अमानवीय व्यवहारले सुखद भविष्यको कल्पनामा राजधानी भित्रिएका हजारौं घरेलु कामदार अझ बढी बालिका कामदारको अवस्था दयनीय नै छ।

समाजमा शिक्षितहरूको संख्या दिनदिनै बढिरहेको बेलामा घरेलु हिंसा बरु दिन प्रतिदिन बढ्दो छ। बालमजदुर सरोकार केन्द्रको हेल्पलाइनका संयोजक विमल थापाले साविक झन्डै २ सयवटा घरेलु हिंसालाई नजिकबाट हेरेका छन् उनी भन्छन्- सहरमा शौखिन मालिकहरूको संख्या बढिरहेको छ। राजधानीका प्राय: सबै घरमा कम्तीमा ३ जनाको दरमा घरेलु कामदारहरू रहेका छन्। जसमा बालिकाहरूको संख्या बढी रहेको

छ । धेरैलाई पढाइ-लेखाइको जिम्मा, महिनावारी तलब र छोराछोरीको जस्तै व्यवहार गरिने आश्वासन सुरुमा दिइए तापनि ६५ प्रतिशतभन्दा बढी बालिका घरमालिक-मालिक्नीको शारीरिक र मानसिक यातनाबाट पीडित छन् । गाउँमा नघटेको गरिबी सहरियामा बढ्दै गएको घमण्डले घरेलु हिंसाको घटना बढाइरहेको छ । यस्तैगरी कोपिला दाहाल आमाबाबुको मायामा लेखपढ गर्ने र साथीभाइसँग खेलेर दिन बिताउने उमेरकी छन् । र, एकाबिहानै उठेर चिया बनाउने, घरको सरसफाइ गर्ने, भाँडा माझ्ने र भूईं पुछेरै कोपिलाले एक वर्ष बिताइसकेकी छन् । बाबुको मृत्युपछि बेसहारा बनेकी कोपिलाकी आमाले ७ वर्षको उमेरमै उनलाई काठमाडौं कुलेश्वरस्थित उर्मिला अधिकारीको घरमा सहयोगी बनाएर पठाइदिइन् । आर्थिक अवस्थाले कमजोर आमाको लागि एउटी छोरीको पालनपोषण गर्न नपर्दा टाउको हलुका त भयो तर छोरी भएकै कारण उनी एक्ली आमाको सहारा बन्न सकिनन् ।

बालबालिकासँगको संगतमा वर्षौं बिताइसकेका कुमार भट्टराई हातेमालो सञ्चारमा कार्यक्रम निर्देशक छन् । उनको दसवर्षे अनुभवमा खासगरी घरेलु हिंसा नघट्नुको मूल कारण आर्थिक विपन्नता र सामाजिक चेतनाबाहेक अरू थुप्रै कारणहरू छन् ।

तर यहाँ मानवीय पक्ष नै बिर्सिसकेकाहरूले घरभित्रकै एउटी कन्यालाई कुटपिट गरेर कमाएको पाप कटाउन घरभित्रकै अर्की कन्याको पूजा गर्न थाल्छन् । चितवन घर भएकी सीता श्रेष्ठ काठमाडौंको सहरिया दुईवर्षे बसाइमा यस्तै अमिला अनुभव बटुलेर जीवनको एउटा मोडमा उभिएकी छन् ।

भर्खर १० वर्ष पुगेकी सीताको जीवन कहालीलाग्दो छ । अब फेरि मलाई अर्काको घरमा भाँडा माझेर, कपडा धोएर मालिक्नी भनाउँदाको खप्की खाएर बस्न मन छैन । मलाई मेरी हजुरआमासँग आफ्नी छोरीजत्तिकै माया गर्छु, पढाइदिन्छु, थोरथोर पैसा पनि दिउँला भनेर काठमाडौं ल्याइपुऱ्याएकी मालिक्नीले दुई-चार दिनबाहेक कहिल्यै मीठो बोलिनन् । अरू त के मालिक्नीको छोरीसँग खेल्न पनि सधैं मैले डराउनुपर्थ्यो । आफ्नी छोरीलाईजस्तै माया मेरी मालिक्नीले मलाई कहिल्यै गरिनन् बरु सानो काम बिग्रँदा मैले मालिक्नीको मुखको गाली, हातको पिटाइ सहेर बस्नुपऱ्यो । यतिखेर बाल मजदुर सरोकार केन्द्रमा शरणार्थी भएर बसेकी हँसिली, फरासिली सीता चितवनस्थित आफ्नो घरमा फर्केर जान मन पनि गर्दिनन् ।

खासगरी अहिलेको अवस्थामा घरभित्र हुने हिंसाबाट बढी मात्रामा बालिकाहरू नै सताइने गरेका छन् । धर्मग्रन्थमा मात्रै सम्मानित महिलाहरूले अझै पनि समाजमा सम्मानजनक व्यवहार बटुलेर हिँडडुल गर्न पाएका छैनन् । जँड्याहा बाबुले छोरीमाथि गरेको बलात्कारको समाचार छापामा प्रशस्तै आउन थालेका छन् । मालिकले घरमा काम गर्न भनेर खटाइने बालिकाको यौनशोषणको समाचार नौलो हुन छोडिसकेको छ । छापामा बलात्कारको समाचार दिनदिन आउन थालेका छन् । तर समाचारमा दोषीभन्दा पीडितको बढी चर्चा हुन्छ । मनोविज्ञ सिर्जना श्रेष्ठको विचारमा घरभित्रै पीडित भएर बसेकाहरू मुक्तिको बाटो खोज्न हिच्किचाइरहेका हुन्छन् । उनीहरूका पीडा बिसाउने गतिलो ठाउँको अभाव अझै देखिएको छ । महिला अधिकारका लागि लड्दै आएको एउटा गैरसरकारी संस्था 'साथी' ले गरेको एउटा अनुसन्धानमा यौनशोषणबाट सताइने बालिकाहरूको अवस्था कहालीलाग्दो भएको बताइएको छ । प्रायः यौन दुर्व्यवहारमा पीडितहरूमध्ये धेरैजसो बालिकाहरू नै रहेका छन् ।

गत वर्ष ३ सयवटा घरेलु हिंसाका मुद्दामा लडेको साथीले अधिकांश घटनामा बालिका पीडित थिए र प्रायः सबैजसो घटना घरेलु कामदारविरुद्ध मालिक-मालिक्नीको दुर्व्यवहार नै मुख्य कारक तत्व भेटिएको थियो । योबाहेक सिविनले गत वर्ष सार्वजनिक गरेको प्रतिवेदनमा दुई सय २७ वटा बलात्कारका घटना समेटिएका थिए । जसमा ५१ वटा घटनामा १० वर्षमुनिका बालिका पीडित भएका थिए । गत वर्ष एकजना न्यायाधीशको घरमा घरेलु कामदारको रूपमा कार्यरत सरिता रिमालले ज्यान गुमाउनुपरेको थियो । सिर्जनाजस्ता धेरैको लेखपढ गर्न पाउने उनको अधिकार खोसिएको छ ।

अधिवक्ता रविन्द्र विकल भन्छन्- बालबालिकाको अधिकारको सम्बन्धमा हामीकहाँ कानुनको अभाव होइन कानुन पालना गराउने निकाय र कानुनको अवहेलना गर्नेहरूको संख्या वृद्धि भएकाले समस्या देखिएको हो । बालबालिकाको उचित जीवनस्तर निश्चित गर्न बाबुआमाको प्राथमिक दायित्व हो । नेपालमा मात्रै अहिले झन्डै २६ लाख बालिका कामदारको रूपमा खटिइरहेका छन् ।

ललल

संचारिका लेखमाला/संचारिका समूह

बालिका अधिकारमा समाजको दायित्व

सूर्यबहादुर देउजा

बालबालिकाहरूलाई सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, चोटपटक, दुर्व्यवहार, बेवास्ता, शोषण, यौन-दुर्व्यवहार आदिबाट जोगाउन वा संरक्षण दिनको दागि राज्यले उचित प्रकारका कानुनी, प्रशासकीय, सामाजिक शैक्षिक उपायहरू अपनाउन सक्छ चाहे ती बालकहरू वैधानिक

अभिभावकको रेखदेखमा रहेका हुन् वा अन्य कुनै व्यक्तिको । त्यसैले उनीहरूलाई भोलिको सचेत नागरिक बनाउनको लागि आज उनीहरूको हकअधिकारको उपयोग गर्ने अवसर प्रदान गर्नुपर्छ । तर दुर्भाग्यको कुरा अधिकांश नेपाली बालबालिकाहरूको अवस्था निराशाजनक छ । त्यसमध्ये पनि हुर्कंदो उमेरका केटीहरूको अवस्था झन् फितलो छ । तसर्थ बालबालिकाको अधिकार र बालश्रमको कुरा गर्दा लैंगिक परिप्रेक्ष्यमा हेरिनुपर्छ । बालिकाहरूको अधिकारको सुरक्षा र प्रबर्धन गर्ने समाजको ठूलो जिम्मेवारी छ । नेपालजस्तो विकासोन्मुख देशमा बालिकाहरूको स्थिति भय उत्पन्न गर्ने खालको छ । धेरै बालबालिकाको कलिलो उमेरमै विवाह हुन्छ । धेरै केटीहरू भारतको वेश्यालयहरूमा नारकीय जीवन बिताउन बाध्य भएका छन् । ठूलो संख्यामा कान्छीहरू होटलमा भाँडा माझ्न तथा क्याबिन र डान्स रेस्टुरेन्टहरूमा काम गर्न विवश छन् । त्यसरी नै बालिकाहरूको अधिकारका बारेमा प्रशस्त बैठक, विचारगोष्ठी र भेलाहरू आयोजना गरिन्छन् । त्यस्तै बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गरेका अध्ययन, अनुसन्धान र सुझावहरू कार्यान्वयनको अभावमा त्यसै थन्किरहेका छन् ।

नेपाली बालबालिकाहरूको स्थिति फितलो छ । केही बालकहरू सहरमा खाते बनेर जीवन गुजारिरहेका छन् भने केही सहरका घरहरूमा काम गरेर, चिया बगान, गलैंचा कारखाना, इँट्टाभट्टी, ढुंगाखानी, होटल र रेस्टुरेन्टहरूमा काम गरेर जीवन बिताइरहेका छन् । अधिकांश बालबालिकाहरू बिनापरिश्रमिक, न्यून पारिश्रमिक, अधिक काम र जोखिमपूर्ण काम गर्न विवश छन् । काठमाडौं, ललितपुर र भक्तपुरमा घरमा काम गर्ने २१,००० बालबालिकामध्ये सिविनको १९९५ को सर्वेक्षणअनुसार ४५ प्रतिशत केटीहरू छन् । नेपालमा अनुमानित २५ हजार महिलाहरू यौन व्यवसायमा संलग्न रहेका छन् जसमध्ये २० प्रतिशत १६ वर्षमुनिका केटीहरू छन् । त्यसरी नै अनुमानित १८ वर्षमुनिका १२ हजार केटीहरू वर्षेनी श्रमिक र यौन-व्यवसायीको रूपमा बेचिन्छन् । र, त्यसमध्ये ५ देखि ७ हजार नेपाली चेलीहरू हरेक वर्ष भारतमा मात्र बेचिन्छन् । यसरी हजारौं बालबालिकाहरू बालश्रमजस्तो निकृष्ट पेशामा लाग्न बाध्य छन् । तिनीहरू अत्यन्त असहज परिस्थितिमा काम गर्नको लागि बेचिन्छन् र बाध्य बनाइन्छन् । माओवादी हिंसाका कारण हजारौं बालबालिकाहरूले ज्यान गुमाएका छन् ।

नयाँ सहश्राब्दीमा सरकारहरू, रोजगारदाताहरू, रोजगारहरू, अन्तर्राष्ट्रिय संस्थाहरू, गैरसरकारी सस्थाहरू सबैले बालबालिकाहरूलाई परेको अन्यायको विरुद्ध एकजुट भएर लागेका छन् । संयुक्त राष्ट्र संघ र यससंग सम्बद्ध संस्थाहरू आईएलओ र युनिसेफले बालश्रम र बालशोषण अन्त्य गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । बालिकाहरूको अवस्थामा सुधार गर्न र उनीहरूको अधिकारको प्रत्याभूति दिनको लागि सामूहिक प्रयासको खाँचो पर्दछ ।

गरिबीको कुचक्रले बालबालिकालाई श्रम गर्न बाध्य तुल्याउँछ र बालश्रमले फेरि गरिबीलाई नै सहयोग पुऱ्याउँछ । तसर्थ गरिबीको यो कुचक्र तोडिनुपर्छ । बालबालिकालाई श्रम गर्नबाट अलग्याएर स्कुल पठाउन तथा विभिन्न किसिमका तालिमहरूमा सहभागी गराइनुपर्छ र वयस्कहरूलाई सम्मानजनक काम दिई उनीहरूको आयमा सुधार गरिनुपर्छ । हाम्रो समाजमा बालिकाहरूको अधिकारको उल्लंघन बढ्दो छ । यदि बालिकाको अधिकारको प्रत्याभूति दिने हो भने यसको सुरुवात श्रोतबाट नै गर्नुपर्छ ।

बालिकाहरूमाथिको थिचोमिचो, शोषण र भेदभाव उनीहरूको जन्मदेखि नै सुरु हुन्छ । आमाहरूले अनावश्यक पीडा सहनुपरेकाले उनीहरू आफना छोरीहरूको अधिकार सुरक्षित गर्न सक्दैनन् । देउकी, झुमा तथा वादीजस्ता रूढीवादी धारणा जुन पश्चिमनेपालका विकट जिल्लाहरूमा विद्यमान छन् ती महिलाहरूप्रति गरिने भेदभावका उदाहरणहरू हुन् । अधिकांश बालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित छन् ।

बालश्रमका विभिन्न रूपहरूमध्ये अन्तर्राष्ट्रिय श्रम संगठनले खाते, बँधुवा श्रमिक, बेचबिखन, घरायसी काम गर्ने तथा भरियाको कामलाई बालश्रमको निकृष्ट रूपमा विभाजन गरेको छ । यी क्षेत्रहरूमध्ये बालबालिकाको बेचबिखन भयावह किसिमले बढ्दो छ । कहिले जबर्जस्ती गरेर, कहिले झुक्याएर र कहिले आफ्नै परिवारका सदस्यको कारणले चेलीहरू बेचिन्छन । यसप्रकारको बेचबिखन प्राय: अधिराज्यका सबै स्थानमा हुने गर्छ र त्यसमा सबै जातका मानिसहरू लागेका पाइन्छन् । यसरी बेचिने चेलीहरू यौनसम्पर्कबाट सर्ने रोग विशेषगरी एचआईभी पोजेटिभ/एड्सबाट सुरक्षित हुँदैनन् ।

नेपालले १६ वटाभन्दा बढी अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अभिसन्धिहरूको अनुमोदन गरिसकेको छ । जसमध्ये आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी सन्धि, महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्ने सन्धि (सिड) १९७६, तथा बालअधिकारसम्बन्धी सन्धि (१९०९) उल्लेखनीय छन् । यी अभिसन्धिहरू अनुमोदन गरेर नेपाल सरकारले महिलालाई पुरुषसरह अधिकारको प्रत्याभूति दिने प्रतिबद्धता व्यक्त गरेको छ । नेपालको संविधान (२०४७) ले बालबालिकाको कल्याण गर्न उनीहरूलाई निश्चित मौलिक अधिकार प्रदान गर्नुका अतिरिक्त राज्यका निर्देशक सिद्धान्त र नीतिमार्फत राज्यलाई निश्चित कार्य गर्न बाध्य बनाएको छ । यसबाहेक बालबालिकाको हित र उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासको संरक्षण तथा सम्बर्धन गर्नका लागि कानुन बनाउने विशेष व्यवस्था संविधानमा गरेको छ । यद्यपि अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदनकर्ता भएर त्यसप्रति दायित्व भए पनि श्री ५ को सरकारले बालअधिकारको प्रत्याभूति दिन सकेको छैन । त्यसरी नै सरकारले एक ज्वलन्त समस्याको रूपमा रहेको बालिकाको अधिकारसम्बन्धी समस्या पनि समाधान गर्न सकेको छैन । कार्यान्वयन पक्ष फितलो भएको हुँदा सरकार बालिकाको अधिकारको हननमा अनुत्तरदायी बनेको छ । परिणास्वरूप स्थिति झन् बिग्रँदो छ । यसलाई रोक्न तुरुन्त कदम चालिनुपर्छ र समाजले पनि यसलाई रोक्न संवेदनशील भई कार्य गर्नुपर्छ ।

बालिकाको शिक्षाको अधिकारसहित अन्य अधिकार दिलाउने काम हामीले गर्नुपर्छ । स्कुल जाने उमेरका बालिकाहरू निकृष्ट बालश्रम गर्न बाध्य छन् । उनीहरू खेतिपातीको काम गर्ने, गाईवस्तु चराउने, घाँसदाउरा बटुल्ने, पानी ल्याउने र अन्य घरायसी काममा लागेका छन् । यस्ता बालिकाहरू स्कुल नै जाँदैनन् र यदि गइहाले भने पनि अनियमित हुन्छन् । यसका अलावा बालिकाहरूलाई बढी काम गर्नुपर्ने जस्तै उद्योग,

गलैंचा र इँटा कारखानामा काममा लगाइन्छ। निकृष्ट खालका बालश्रम उन्मूलन गर्न सामाजिक अभियान र परिचालनको आवश्यकता पर्छ। बालिकाको अधिकारको रक्षा गर्न बनाइएका राष्ट्रिय नीति कार्यान्वयन गर्दा यसको सार्वजनिक उत्तरदायित्व हुनुपर्छ। बालिकाको अधिकारको सुरक्षा गर्न परिवार र सरकारबीच फराकिलो सम्बन्ध कायम गर्नु जरुरी छ। बालिकाको अधिकारको प्रत्याभूति दिनको लागि सरकार, संघसंस्थाहरूका बीच नौलो साझेदारी आवश्यक पर्छ।

जबसम्म देश र जनता मिलेर सहकार्य गर्दैनन् तबसम्म व्यक्तिको प्रयासबाट कुनै ठोस उपलब्धि हासिल हुन सक्दैन। बालअधिकारको हनन हुन नदिन र उनीहरूको चौतर्फी विकासको लागि अवसर प्रदान गर्न कडा परिश्रम गर्नुपर्छ। बालिकाको अधिकारका लागि विधायकहरू जिम्मेवार हुनुपर्छ। बालअदालतको स्थापना र प्रभावकारी कार्यान्वयनयन्त्रले महिला तथा बालबालिकासम्बन्धी समस्या समाधान गर्न सक्छ। सरकारले देउकी, झुमा, वादीजस्ता कुरीति हटाउन आवश्यक नीति-नियम निर्माण गर्नुपर्छ। त्यसरी नै सार्कले पनि चेलिबेटी बेचबिखन तथा वेश्यावृत्तिजस्ता साझा समस्याको सामाधानको लागि साझा कार्यक्रम लागू गर्नु आवश्यक छ।

हाल विश्व राजनीतिक आतंकवादसँग जुधिरहेको छ। तर अब बालअधिकारको हनन, चेलिबेटी बेचबिखन, महिलाविरुद्धको हिंसा, निकृष्ट बालश्रमजस्ता सामाजिक आतंकवादविरुद्ध लड्ने बेला आएको छ। यस्ता अदृश्य आतंकले सामाजिक मूल्य, मान्यता, समानता, सम्मान तथा न्यायमाथि ठूलो प्रहार गरेका छन्। बालबालिकाको पूर्णशारीरिक, मानसिक तथा बौद्धिक विकासको लागि समाजले काँधमा काँध मिलाएर अगि बढ्नु जरुरी छ। समाजदारी, सहिष्णुता र लैंगिक समानताको आधारमा खुल्ला समाजमा एक उत्तरदायी नागरिकको रूपमा बालिकालाई हुर्काउनुको खातिर हामीले आज कडा मिहेनत गर्नुपर्छ। बालिकाको अधिकार प्राप्तिको मुख्य कार्यमा सरकार र समाजलाई उत्तरदायी बनाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, गैरसरकारी संस्थाहरू र स्वतन्त्र राष्ट्रिय संस्थाहरू जस्तै राष्ट्रिय मानव अधिकार आयोगजस्ता संस्थाले पहल गर्नुपर्छ। त्यसरी नै बालिकाको अधिकारको संरक्षण र सम्बर्द्धनद्वारा सामाजिक परिवर्तन गर्नाका लागि राजनीतिक पार्टीहरूले पार्टीगत राजनीतिभन्दा माथि उठेर राष्ट्रिय सहमति कायम गर्नुपर्छ। समाजले पनि बालिकाको चौतर्फी विकासको लागि आफ्नो कर्तव्यप्रति गम्भीर भई ऐक्यबद्धता जनाउनुपर्छ। बालिकाको अधिकारको संरक्षणार्थ नेपाल राष्ट्रिय कार्यक्रम लागू गर्न सार्क मञ्चमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ।

ललल

संचारिका लेखमाला/संचारिका समूह